# स्थानीय राजपत्र

गजुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) गजुरी, धादिङ, २०७५ साल भाद्र ६ गते (संख्या १२)


# भाग २

## गजुरी गाउँपालिकाको स्थानीय स्तरका व्यवसायिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन सम्बन्धी कार्यविधि, २०७५

दैनिक उपभोग्य तथा अन्य आवश्यक वस्तुहरुको माग अनुरुप स्थानीय बजार वा बाह्य बजारबाट आयात गरी भण्डारण, ढुवानी तथा बिक्री वितरणमा निजी क्षेत्रको अग्रणी भूमिका रहन्छ । स्थानीय वजारलाई व्यवस्थित बनाउन सेवाग्राहीको माग बमोजिम व्यापार व्यवसाय दर्ता, आवधिक नविकरण, संशोधन तथाखारेजी आदी प्रावधानको माध्यमबाट व्यवसायलाई बैधता दिन साथै गाउँपालिकाक्षेत्र भित्र संचालन हुने व्यवपार व्यवसाय कुनै नामबाट दर्ता गरी करको दायरा भित्र रहनुपर्ने हुनाले व्यापार व्यवस्थायको प्रवर्द्धन र उपभोक्ताको हक संरक्षणको लागि स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ञ (६) ले दिएको अधिकार प्रयोग **गजुरी गाउँपालिकाले स्थानीय स्तरका व्यावसायीक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन सम्बन्धी कार्यविधि,** २०७५ कार्यविधि जारी गरेकोछ।

(१) **दर्ता, अनुमति तथा नवीकरण नगरी व्यावसायीक फर्म संचालन गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम दर्ता, अनुमति, नवीकरण नगरी गा.पा. क्षेत्र भित्र कुनै पनि व्यावसायीक फर्म संचालन गर्नु गराउन हुँदैन।

क. **व्यावसायीक फर्म भन्नाले** : प्रचलित कानून बमोजिम कार्यालय वा निकायवाट प्रचलित कानूनको अधिनमा रही दर्ता गरी वा नगरी व्यावसायीक कारोवार गर्ने गजुरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका होटल, लज, रेष्टुरेन्ट, हार्डवयर,फेन्सी पसल, किराना पसल, चिया खाजा पसल, स्टेशरनी तथा खेलकुद पसल, खेलकुद विभिन्न मर्मत सम्भार केन्द्रहरु,तालिम तथा सीप प्रशिक्षण केन्द्र, परामर्श सेवा, फर्म लगायत जुनसुकै प्रकारको व्यापार व्यवसाय भन्ने बुझिनेछ।

ख. **साझेदारी फर्म भन्नाले** : प्रचलित कानून बमोजिम कार्यालय वा निकायवाट प्रचलित कानूनको अधिनमा रही दर्ता गरी वा नगरी व्यावसायीक कारोवार गर्ने एक भन्दा बढी व्यक्तिहरुको स्वामित्व रहेको होटल, लज, हार्डवयर लगायत जुनसुकै प्रकारको एक भन्दा बढी व्यक्तिको संयुक्त स्वामित्व भएको व्यापार व्यवशाय भन्ने बुझिनेछ।

(२) **व्यावसायीक फर्म दर्तासम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका क्षेत्र भित्र कुनै प्रकारको व्यापार, व्यवशाय गर्न चाहने व्यक्तिले वा साझेदारहरुले अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची २ अनुसारको अनुसारको कबुलियतनामा र अनुसूची ३ कागजातहरु संलग्न राखि यस गजुरीगाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु मध्ये प्रमूख

प्रशासकीय अधिकृतले रितपूर्वक पर्न आएको दरखास्त उपर अख्तियार प्राप्त अधिकारीद्वारा जाँचबुझ गराई त्यस्तो व्यवसायिक फर्म दर्ता गर्न उपयुक्त ठहरिएमा तोकिए अनुसार शुल्क लिई दर्ता किताबमा दर्ता गरी अनुसूची ४ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिनेछ।

३. **व्यावसायीक फर्म नवीकरण सम्बन्धी व्यवस्था :**

(१) दफा २ बमोजिम प्रदान गरिएको निजी/साझेदारी फर्म दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्य व्यवस्था भएको अबस्थामा बाहेक दर्ता भएको आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ। यस भन्दा अगाडी दर्ता भएको फर्मको हकमा भने आ.ब.०७५/७६ को अन्त्यसम्म मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम अवधि समाप्त भएका प्रत्येक व्यवशायीले अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय तहबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित अनुसूची-४ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने व्यावसायीक फर्मले व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-४ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ।

४. **निजी फर्म संशोधन, नामसारी र प्रतिलिपी र खारेजी**

(क) फर्मको ठेगाना परिवर्तन, उद्देश्य परिवर्तन, फर्मको नाम परिवर्तन, कारोबार, शाखा र फर्मको पूँजी थपघट गर्न चाहेमा निवेदन दिई आवश्यक संशोधन गर्न सकिनेछ।

(ख) आफुले संचालन गरेको फर्म संचालन गर्न नसक्नाको कारण खुलाई अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी नामसारी गर्न सकिनेछ।

(ग) फर्मका प्रोप्राइटरको मृत्यु भएमा आवश्यक प्रक्रिया पूरा गरी हकवालाको नाममा नामसारी गर्न सकिनेछ।

(घ) कुनै कारणवस फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि प्रमाणपत्र लिनुपर्ने भए फर्मधनी स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ।

(ङ) फर्म खारेज गर्दा सक्कल प्रमाणपत्र साथ आवश्यक कागजात संलग्न गरी नमूना अनुसारको निवेदन दिनु पर्दछ।

(च) फर्म खारेज गर्दा तिर्नु बुझाउनु पर्ने कर, राजश्व, दस्तुर छुट हुनेछैन।

५. **साझेदारी फर्म नामसारी** :

कुनै साझेदारी फर्मका कुनै एक साझेदारले छाडी अर्को साझेदार समावेश हुन चाहेमा साविकका साझेदारको र हाल समावेश हुन चाहने साझेदारको लिखित मन्जुरीमा नयाँ कायम हुने साझेदारले तोकिएको ढाँचाको दरखास्त भरी नागरिकताको प्रमाणित प्रतिलिपि र संशोधित सम्झौतापत्र समेत पेश गरेमा नामसारी गर्न सकिनेछ।

६. **साझेदारी फर्म संशोधन**:

(क) साझेदारी फर्मको ठेगाना, उद्देश्य तथा फर्मको कारोवार संशोधन गर्न माग भएमा रु. ५।- दस्तुर लिइ संशोधन गर्न सकिनेछ।

(ख) फर्मको पुँजीवृद्धि गर्नुपर्ने भएमा हाल वृद्धि भइ कायम हुने पुँजीमा लाग्ने दस्तुरमा साविकको पूँजीमा लागेको दस्तुर कटाई वांकि हुन आउने दस्तुर लाग्नेछ। तर पुँजीघटाउनु पर्ने भए पहिला वुझाएको रकम फिर्ता हुने छैन।

(ग) साझेदारी फर्मको नाम परिवर्तन गर्न वा साबिकका सबै साझेदारहरु फर्मबाट हटी नयाँ साझेदारहरु समाबेश हुन आएमा शुरु दर्ता दस्तुर सरह दस्तुर लाग्नेछ।

(घ) साझेदारी फर्म देहायका अवस्थामा खारेज गर्न सकिनेछ :

(१) तोकिएको अवधि भित्र नविकरण नगराएमा।

(२) साझेदारहरुले मनासिव कारण दर्साइ फर्म खारेज गरी पाउं भनी सम्बन्धित निकायमा निवेदन दिएमा।

(३) सम्बन्धित निकायले माग गरेको हिसावको विवरण तोकिएको अवधि भित्र पेश नगरेमा।

(४) संघ, प्रदेश वा अन्य कानूनले निषेध गरेका बस्तु तथा सेवाको कारोबार गरेको लगायत कानून विपरित हुने गरी कुनै कार्य गरेमा।

(५) फर्म खारेज गर्न सम्बन्धित प्रोप्राइटरको निवेदन सक्कल प्रमाणपत्र, आयकर दर्ता (स्थायी लेखा नम्बर) प्रमाणपत्रको प्रतिलिपी वा हालसालै कर तिरेको रसिद, सक्कल नागरिकता साथ स्वयं उपस्थित हुनुपर्ने छ।

७) **व्यावसायीक फर्मदर्ता खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले व्यावसायीक फर्मको दर्ता खारेज गर्न सक्नेछ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) तोकिएको अवधी भित्र नवीकरण नगराएमा।

(ग) प्राइभेट फर्मका धनीले मुनासिव कारण दर्शाइ आफ्नो फर्म खारेजी गरी पाउँ भनी निवेदन दिएमा।

(घ) गाउँपालिकाले व्यावसायीक फर्म सम्बन्धी विवरण माग गर्दा तोकिएको अवधी भित्र सो विवरण पेश नगरेमा।

(ङ) व्यावसायीक फर्मले ऐन नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा।

८) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै व्यवसायीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपी दिनु पर्नेछ।

९) **व्यवसायिक कर दर्ता प्रमाणपत्र प्रदान गरिने :**

यस कार्यविधि अनुसार दर्ता नहुने तर नेपालको प्रचलित कानून अनुसार

दर्ता भई यस गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका उद्योग, व्यापार व्यवसाय, व्यवसायिक फर्म, कृषि फर्म, पशु  जस्ता फर्म व्यसायीहरुलाई गाउँपालिकामा कर तिर्ने प्रयोजनार्थ अनुसूची ५ बमाजिम कर दर्ता प्रमाण पत्र प्रदान गरिने छ। यसरी कर दर्ता गरिएका उद्योग फर्महरुको छुट्टै अभिलेख राखिनेछ।

१०) **छुट्टै ईजाजत लिएको हुनुपर्ने** :

गाउँपालिका भित्र संचालन हुने सिमेन्ट उद्योग, इटा उद्योग, ग्यास उद्योग, काष्ठ उद्योग, कुटानी पिसानी, औषधी, दाना फर्म, साबुन, टायल, रंङ्ग, निर्माण व्यवशाय, क्रसर उद्योग लगायत सम्पूर्ण उद्योग व्यवशायले संघीय, प्रदेश र अन्य स्थानीय कानून अनुसार छुट्टै ईजाजत लिनुपर्ने हकमा उक्त ईजाजत पत्र लिएर मात्र गाउँपालिकामा अभिलेखिकरणको लागि दर्ता गर्न निबेदन दिनुपर्नेछ। साथै अन्य व्यवसायको हकमा पनि छुट्टै इजाजत लिनुपने ि भए लिई व्यवसाय सञ्चालन गनुपर्नेछ।

११) **प्रचलित कानून बमोजिम हुने** :

यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र नलेखिएको  हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२) **बचाउ** :

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका फर्महरु यस आ.ब. भित्र गाउँपालिमा दर्ता हुन आएमा यसै कार्यविधि बमोजिम दर्ता भई संचालनमा रहेको मानिनेछ। साथै गाउँपालिकाले यसअघि व्यापरिक फर्म दर्ता प्रमाणपत्र गरेको भए यसै कार्यविधि बमोजिम प्रदान गरेको मानिनेछ।

**स्थानीय स्तरका व्यावसायीक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची १ दफा २ (१) संग सम्बन्धित**

**गजुरी गाउँपालिका, धादिङ**

**स्थानीय स्तरका व्यावसायीक फर्मको दर्ता निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

मितिः

गजुरी गाउँ कार्यापालिको कार्यालय,

गजुरी, धादिङ।

**विषय :- व्यावसायीक फर्म दर्ता गर्ने वारे।**

महोदय,

तल लेखिए बमोजिमको व्यापार व्यवसाय गर्न निम्न लिखित नामको व्यावसायीक फर्म मेरो नाममा रजिष्ट्रेशन गराउन ईच्छुक भएकोले रजिष्ट्रेशनको लागि आवश्यक भएको कागजातहरु यसै साथ संलग्न गरी रु. १० को टिकट टांसी यो निवेदन पेश गरेको छु। लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरेमा कानून वमोजिम सहुंला बुझाउँला।

१. फर्मको पूरा नाम (नेपालीमा) :-

२. फर्मको पूरा नाम (अंग्रेजीको ठूलो अक्षरमा):-

३. फर्मको पूरा ठेगानाः गजुरी गाउँपालिका वडा नं. ............... टोलको नाम.................................................. घर नं. ...... फोन नं...................................

३.१ फर्म सञ्चालन हुने घर वा जग्गाको स्वामित्व रहेको व्यक्तिको नाम र ठेगाना :

नाम : .................................................

ठेगाना : ..................................................

३.२ भाडामा लिएको भएमा मासिक भाडा रकम रु. : ...........

४. फर्मको पूँजी रु.............. अक्षरेपीः ................................ ......... चालु पूँजी रु. ......................................... स्थायी पूँजी रु. .....................................

५. फर्मको उद्देश्य :- स्थानीय व्यापार /............................

६. फर्मको कारोबार गर्ने मुख्य चीज वस्तु विवरण :- ........................ ........................................................................................................................................................................................................................................................................................

७. प्रोप्राईटरको पूरा नाम : ..........................................

जिल्ला...............न.पा./गा.पा. ........................ वडा नं. ....... टोलको नाम ................. ब्लक नं. ...... फोन नं. ..................... नागरिकता नं. .................

८. प्रोप्राईटरको तिनपुस्ते नाम तथा ठेगाना : ........................

(क) प्रो. को बाजेको नाम, ठेगाना : ..........................

(ख) प्रो. को बुबाको नाम, ठेगाना : ...........................

(ग) प्रोप्राईटरको विवाहित महिला भए पतिको नाम, ठेगाना :

.......................................................

९.    फर्ममा लगाउने पूँजीको श्रोतः ..................................

**साक्षी**

दरखास्तवालाको माथि लेखिए बमोजिम व्यहोरा दुरुस्त छ भनि सनाखत गर्नेको

दस्तखत : .................................................

पूरा नाम : ................................................

पूरा ठेगाना : ................................................

नागरिकता नं. : .................................................

**निवेदक**

प्रोप्राइटरको लेखात्मक सही : .......................................

पुरा नाम : .........................................................

मिति : .........................................................

रेखात्मक सहि(रेखा स्पष्ट देखिने गरी)

दायाँ    बायाँ

**व्यावसायीक फर्म दर्ताका लागि आवश्यक कागजातहरुः**

व्यक्तिगत फर्म दर्ता गर्दा निम्नानुसारको कागजातहरु पेश गर्नुपर्नेछ :

क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा ।

ख) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि एक प्रति । (कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ ।)

ग) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

घ) आफ्नै घर जग्गामा संचालन गरेको भए लालपूर्जा र भाडामा भए लालपूर्जा र व्यवसायी फरक भए सम्बन्धितहरुको मञ्जुर ीनामाघर भाडा सम्झौताको प्रतिलिपी

ङ) वातावरण प्रदुषण व्यवशायको हकमा वडा मुचुल्का र ब्लुप्रिन्ट

च) अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपीहरु

छ) मनी चेन्जर (विनिमय कारोवार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैकको स्वीकृति पत्र ।

ज) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

झ) विषादीजन्य व्यवसाय दर्ताको सम्बन्धित कृषि तथा पशु विकास शाखाको सिफारिस पत्र ।

ञ) वडा कार्यालयको सिफारीस

ट) वडा कार्यालयको सर्जिमन मुचुल्काको प्रतिलिपि

ट) कर कार्यालयवाट प्यान नं. लिई कारोवार गरिरहेका फर्महरुले अघिल्लो आ.ब. सम्मको करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी

**शर्तहरु :**

१. व्यापरिक फर्म जुन आर्थिक वर्षमा फर्म रजिष्टर गरिएको हो सो आर्थिक वर्षको आषाढ मसान्तसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले अवधी समाप्त भएको मितिले ३५ दिन भित्र अनिवार्य रुपमा नविकरण गराई सक्नुपर्नेछ । नवीकरण भएको अवधी सम्बन्धी

विवरण प्रमाणपत्रको पछाडी उल्लेख गरिनेछ।
आ.ब.०७४/७५ र ०७५/७६ मा दर्ता भएका फर्मको म्याद भने २०७६ असार मसान्तसम्म रहनेछ।

२. यो फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण विभागले दर्ताका बखत प्रमाणपत्रसँगै दिने छुट्टै पत्रमा उल्लेख छ।

३. यस फर्मको उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ। यसै दर्तालाई नै उद्देश्य कार्यान्वयन गर्ने अनुमति प्राप्त गरेको मानिने छैन।

४. व्यवसायबाट उत्पादन भएका फोहोरहरुको व्यवस्थापन आफै गर्नुपर्नेछ।

५. व्यवशाय संचालन गर्ने स्थानमा अनिवार्य रुपमा शौचालय भएको हुनुपर्नेछ।

६. संघीय सरकार, प्रदेश सरकारका सम्पत्ती शुद्धिकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धि कानुन वा सो अन्तर्गत बनेका नियम, निर्देशन, आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ।

७. संघ, प्रदेश, स्थानीय वा अन्य कानूनले निधेष गरेका बस्तु तथा सेवाको कारोबार गरेको लगायत कानून विपरित हुने गरी कुनै कार्य गरेमा पाईएमा जुनसुकै बखत फर्मको दर्ता खारेज गरिनेछ।

**स्थानीय स्तरका व्यावसायीक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन**

**सम्बन्धी कार्यविधि, २०७५ को दफा २ (२)अनुसूची ४ संग सम्बन्धित**

**गजुरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गजुरी, धादिङ**

**३ नं. प्रदेश, नेपाल**

**प्रोपाईटरको फोटो**

व्या.फ.द.नं.नं. ..................

**व्यावसायीक फर्म दर्ताको प्रमाण–पत्र**

निम्न लिखित विवरण भएको ........................................ .................................... फर्मलाई सम्वत २०........... साल ................. महिना ................ गते ...............रोजमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को ञ (६) बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

**विवरण**

फर्मको नाम :

प्रोप्राइटरको नाम, थर, वतनः ............................................
ठेगानाः ............................ ना.प्र.नं. ........................
स्थायी ठेगाना : ....................................................

सम्पर्क नं.: ..............................................................
फर्मको ठेगानाः ......................................................

स्थायी पूँजी रु. .................... चालू पूँजी रु. ....................

अक्षरेपीः ...........................................................
पूँजी (रु.) ........................... फर्मको
उद्देश्य .............................................................
. फर्ममा संलग्न जनशक्ति (जना) : ........................................
... फर्मले कारोवार गर्ने मुख्य चिज बस्तुहरुः ................................
.........................................................................
फर्मको शाखाः ........................................................

**अन्य निकायमा दर्ता भएको भए**

नामः ..................................................................

दर्ता नं.: ...................... दर्ता मितिः ..........................
पान नं.: ...................... वार्षिक उत्पादन क्षमताः ..............
.................................... परिमाणः .......................
मूल्यः ........................ विद्युत शक्ति (किलोवाट)ः ...........

अन्य विवरण : ....................................................

.........................................................................

प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत

**नोट** :-

१. व्यापरिक फर्म जुन आर्थिक वर्षमा फर्म रजिष्टर गरिएको हो सो

आर्थिक वर्षको आषाढ मसान्तसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले अवधी समाप्त भएको मितिले ३५ दिन भित्र अनिवार्य रुपमा नविकण गराईसक्नु पर्नेछ। नवीकरण भएको अवधी सम्बन्धी विवरण प्रमाणपत्रको पछाडी उल्लेख गरिनेछ।

आ.ब.०७४/७५ र ०७५/७६ मा दर्ता भएका फर्मको म्याद भने २०७६ असार मसान्तसम्म रहनेछ।

२. यो फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण विभागले दर्ताका बखत प्रमाणपत्रसँगै दिने छुट्टै पत्रमा उल्लेख छ।

३. यस फर्मको उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ। यसै दर्तालाई नै उद्देश्य कार्यान्वयन गर्ने अनुमति प्राप्त गरेको मानिने छैन।

४. व्यवसायबाट उत्पादन भएका फोहोरहरुको व्यवस्थापन आफै गर्नुपर्नेछ।

५. व्यवशाय संचालन गर्ने स्थानमा अनिवार्य रुपमा शौचालय भएको हुनुपर्नेछ।

६. संघीय सरकार, प्रदेश सरकारका सम्पत्ती शुद्धिकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धि कानुन वा सो अन्तर्गत बनेका नियम, निर्देशन, आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ।

७. संघ, प्रदेश, स्थानीय वा अन्य कानूनले निधेष गरेका बस्तु तथा सेवाको कारोबार गरेको लगायत कानून विपरित हुने गरी कुनै कार्य गरेको पाईएमा जुनसुकै बखत फर्मको दर्ता खारेज गरिनेछ।

**व्यावसायीक फर्म दर्ता प्रमाण–पत्रको नवीकरण विवरण**

| नवीकरण मिति | बहाल रहने अवधि | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| नवीकरण मिति | नविकरण आ.व. | र.नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची–५**

**कार्यविधिको दफा ९ सँग सम्बन्धित**

**गाउँ कार्यपालिकाको कार्यालय**

**गजुरी, धादिङ**

**३ नं. प्रदेश, नेपाल**

**करदाताको फोटो**

प्रमाणपत्र नं. :

**व्यवसाय दर्ता प्रमाण पत्र**

प्रचलित कानून बमोजिम दर्ता भई गजुरी गाउँपालिका वडा नं. ..... मा संचालनमा रहेको ............................................................................................ व्यापार/व्यवसाय/उद्योग ले गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०....... ले तोके अनुरुप कर गाउँपालिकामा तिर्ने प्रयोजनार्थ मिति २०७....../......./.......... मा दर्ता भएकोले यो व्यवसाय कर दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

प्रमाणपत्र दिने :

दस्तखत :

पद :

मिति :

**नोट** :

१. यो प्रमाणपत्र गजुरी गाउँपालिका क्षेत्रमा व्यवसायीक कारोवारमा कर भुक्तानीको अभिलेखन प्रयोजनको लागि मात्र हो। कर दर्ता तथा दाखिला

गरेकै आधारमा व्यवसाय संचालनको अनुमति, स्वीकृति एवं ईजाजत प्रदान गरेको मानिने छैन ।

२. गाउँपालिकामा कर बुझाउने प्रयोजनार्थ दर्ता भएको व्यापार/ व्यवसाय/उद्योग ले प्रचलित संघीय, प्रदेश र स्थानीय कानून को पूर्ण पालना गर्नुपर्नेछ ।

३. प्रचलित कानून बमोजिम दर्ता, ईजाजत, स्वीकृति एवं अनुमति लिनुपर्ने निकायवाट अनुमति लिने र पालना गर्नुपर्ने मापदण्ड र शर्तहरु पुरा गर्नुपर्नेछ। यो प्रमाणपत्र पाएकै भरमा प्रचलित कानून बमोजिमको दायित्व वा शर्त पुरा भएको मानिनेछैन ।

४. गाउँपालिका बाहेक प्रचलित कानून बमोजिम प्रदेश र संघमा बुझाउनुपर्ने कर, राजश्व सम्बन्धित सरकारले तोकेका स्थानमा बुझाउनु पर्नेछ ।

५. गाउँपालिकाको स्वीकृत आर्थिक कार्यविधि ऐनले तोकेको दरमा वार्षिक रुपमा गाउँपालिकामा कर बुझाई यो प्रमाणपत्रमा पछाडी उल्लेखित पानामा प्रमाणित गराई राख्ने कर्तव्य सम्बन्धित उद्योगी व्यवसायीका हुनेछ ।

**उद्योग/व्यवसाय कर दर्ता प्रमाण पत्र नवीकरण विवरण**

| नवीकरण मिति | वहाल रहने अवधि | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची**

**कार्यविधिको दफा २ (१) सँग सम्बन्धित**

**साझेदारी रजिष्ट्रेशन गर्ने दरखास्त फारम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

गजुरी गाउँपालिको कार्यालय,

गजुरी, धादिङ

**विषय :- साझेदारी फर्म रजिष्ट्रेशन दर्ता बारे ।**

महोदय

हामीहरुले साझेदारी फर्म खोली तपसिलमा लेखिए वमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मन्जुरीको कागज तथा अन्य आवश्यक कागजातहरु सहित यो निवेदन गर्न आएका छौं । लाग्ने सरकारी दस्तुर लिई तल लेखिए बमोजिमको फर्म हामीहरुका नाममा दर्ता गरी पाऊं । लेखिएको व्यहोरामा कुनै कुरा झुठा ठहरे कानून वमोजिम सहुंला बुझाउँला ।

**तपसिल**

(१) फर्मको पूरा नाम (नेपालीमा) :-

(२) फर्मको पूरा नाम (अंग्रेजी ठुलो अक्षरमा) :-

(३) फर्मको पूरा ठेगाना (ब्लक नं. वडा नं टोल, फोन नं. सहित) :-

  ३.१ फर्म संचालन हुने घर वा जग्गाको स्वामित्व रहेको व्यक्तिको नाम र ठेगानाः

  ३.२ भाडामा लिएको भएमा मासिक भाडा रकम :

(४) फर्मको उद्देश्य :- ......................... मुनाफा आर्जन गर्ने ।

(५) कारोवार गर्ने मुख्य चीजवस्तुको विवरण :-

(६) साझेदारहरुको पूरा नाम, ठेगाना, तथा फर्ममा लगाईने पूँजीः-

**साझेदारको नाम ठेगाना पूँजी** (रु.)

(क)

(ख)

(ग)

(घ)

(७) साझेदारहरुको तीन पुस्ते नाम ठेगाना :-

**साझेदार बावुको नाम, ठेगाना बाजेको नाम, ठेगाना**

(क)

(ख)

(ग)

(घ)

(८) कुनै साझेदारको अधिकार उपर बन्देजलगाएको भए सोकुरा :-

(९) फर्मको प्रतिनिधित्व गर्ने मुख्य साझेदार वा साझेदारहरुको नाम :-

(१०) नाफा निश्चित गर्ने तरीका :-

**साक्षी**

दरखास्तवालाहरुको माथि लेखिए वमोजिमको व्यहोरा -

दुरुस्त छ भनी सनाखत गर्ने ।

पूरा नाम :- निवेदक :-

पूरा ठेगाना :- लेखात्मक सही :-

सही :- रेखात्मक सही :-

**अनुसूची–२**

**कार्यविधिको दफा २ (१) सँग सम्बन्धित**

**कबुलियतनामा**

लिखितम् ............................ को नाती ......................... .......... को छोरा .................. वस्ने वर्ष ................... को .......................... आगे .... ..................... ................. .................... को नामले व्यावसायीक फर्म दर्ता गर्न मैले त्यस कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्बन्धमा प्रचलित ऐन कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु। सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मन्जुर छ/छैन भनि गजुरी गाउँपालिकावाट सोधनी भएकोमा मेरो चित्त बुझ्यो। यसमा प्रचलित ऐन कानून र तपसीलमा लेखिएका शर्त उलंघन गरेको देखिएमा प्रचलित ऐन कानून बमोजिम सहुँला बुझाउँला भनि मेरो मनोमानी राजी खुशीसंग यो कवुलियतनामाको कागज लेखी गजुरी गाउँपालिकामा चढाएं।

**तपसील**

१. यो .................................. नामको फर्म दता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसंग मिल्ने गरि फर्म दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरि अर्को नाम राखी फर्म दर्ता गर्न आउने छु। सूचनामा उल्लेखित म्याद भित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन।

२. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखी सो को मुनितिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु।

३. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछु।

४. यस भन्दा अगाडी मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरि राखेको छैन। यस भन्दा अगाडी मेरो नाउँमा ............................ ................. मा ............................... नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्मखारेज भई कानून वमोजिम पुनःअर्को दर्ता गर्न मिल्ने भएबाट यो फर्म दर्ता गर्नल्याएको छु।

**दस्तखत** :-

प्रोप्राईटरको पूरा नाम :-

इति सम्वत २० ...... साल ............... महिना ............... गते रोज ................ शुभम

(**सनाखत सम्बन्धी कागजात**)

यसमा लेखिएको दरखास्त फाराम तथा कबुलियतनामा म आफै स्वयं गाउँपालिकामा उपस्थित भई दर्ता गराएको हुँ । निवेदकसँग संलग्न नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, फोटो तथा अन्य कागजातहरु मेरो आफ्नै हुन् माथि उल्लेखित सम्पूर्ण व्यहोरा समेत साँचो हो कुनै कुरा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सनाखत गर्ने ।

प्रोपाईटरको सही :-

नाम :-

मिति :-

## टिप्पणी

**(गाउँपालिकाले मात्र भर्ने)**

श्रीमान् ................................................ नामक व्यावसायीक फर्म .......................................... को नाममा दर्ता गरी पाउन आवश्यक हुने सबै कागजातहरु रितपूर्वक पेश हुन आएको देखिएकाले माग बमोजिम दर्ता गरिदिन मनासिव देखिएकोले निजको नाममा फर्म दर्ता गरी प्रमाण-पत्र दिनको निमित्त समेत निर्णयार्थ पेश गरेको छु ।

## अनुसूची ३

### व्यावसायीक फर्म दर्ताका लागि आवश्यक कागजातहरु

व्यक्तिगत फर्म दर्ता गर्दा निम्नानुसारको कागजातहरु पेश गर्नुपर्नेछ ः

(क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा।

(ख) वडा कार्यालयबाट प्रमाणित सर्जमिन मुचुल्का (आवश्यक पर्ने मात्र)

(ग) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि एक प्रति।
(कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)

(घ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति।

(ङ) मनी चेन्जर (विनिमय कारोवार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैकको स्वीकृति पत्र।

(च) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र।

(छ) विषादीजन्य कृषि/पशु व्यवसाय दर्ताको सम्बन्धित कृषि तथा पशु विकास शाखाको सिफारिस पत्र।

(ज) वडा कार्यालयको सिफारीस

(झ) लालपूजाृको फोटोकपी

(ञ) भाडामा भए भाडा सम्झौताको प्रतिलिपि।

(ट) लालपूर्जा र व्यवसायी फरक भएमा मञ्जुरीनामा पत्र।

**४.५ साझेदारी फर्म दर्ता गर्दा पेश गर्नु पर्ने कागजातहरु**

(१) निर्धारित ढाँचाको दरखास्त फाराम।

(२) निर्धारित ढाँचाको कवुलियतनामा

(३) साझेदारहरु बीच आपसमा भएको संझौता पत्र (३ तीन प्रति नेपाली कागजमा टाइप गरेको)।

(४) प्रत्येक साझेदारहरुको हालसालै खिचिएको २/२ प्रति पासपोर्ट साइजको फोटो।

(५) प्रत्येक साझेदारहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति र सम्बन्धित साझेदार स्वयं उपस्थित हुनुपर्ने ।

(६) मनिचेन्जर कारोवार गर्ने फर्मको लागि नेपाल राष्ट्र बैंकको सहमति पत्र ।

(७) औषधी कारोबार गर्ने फर्मको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

(८) विषादीजन्य व्यवसाय दर्ताको सम्बन्धित कृषि तथा पशु विकास शाखाको सिफारिस पत्र ।

(९) वडा कार्यालयको सिफारीस

४.११ **प्राइभेट फर्मको प्रतिलिपि, नविकरण, संशोधन र नामसारी गर्दा पेश गर्नु पर्ने कागजातहरु :**

(क) फर्मको सक्कल प्रमाणपत्र तथा एकप्रति प्रमाणित प्रतिलिपि ।

(ख) आयकर प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि ।

(ग) नामसारीका लागि फर्म लिने दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटो तथा सक्कल नागरिकता र दिनेको समेत सक्कल नागरिकता र करचुक्ता प्रमाण पत्र (हालसालै कर तिरेको रसिद)

(घ) प्रतिलिपि लिनका लागि फर्मधनी स्वयं दुईप्रति फोटो समेत लिई उपस्थित हुनुपर्नेछ ।

व्यावसायीक फर्म दर्ताका लागि सिफारीस चेकलिष्ट

(**वडावाट सिफारीस प्रयोजनार्थ**)

फोहोर व्यवस्थापन विधि

सेफ्टी ट्याङ्की सहितको सार्वजनिक शौचालय

स्थानीय वातावरणीय प्रभाव

सर्जिमिन मुचुल्का आवश्यक पर्ने भए सोको विवरण

**प्राईभेट फर्मको वर्गीकरण र न्यूनतम पूँजीको सिमा**

प्राईभेट फर्मको वर्गीकरण र न्यूनतम पूँजीको सिमा प्रोपाइटरले प्राईभेट फर्म दर्ता गर्दा नै व्यवसायको उद्देश्य खुलाउनु पर्ने हुन्छ। यसरी खुलाइएको उद्देश्यहरुलाई मुलतः ३ भागमा सिमित गरी दर्ता तथा पूँजिको मापदण्ड तयार गरिएको छ। निम्न मापदण्ड बमोजिम प्राइभेट फर्म दर्ता गर्न सकिनेछ।

स्थानीय खुद्रा व्यापारको उद्देश्य राखी दर्ता हुने फर्मको हकमा न्यूनतम पुंजी

| क्र.स. | **व्यवशायको प्रकृति** | **न्यूनतम पूँजी** |
|---|---|---|
| ! | पेट्रोल डिजेल पम्प, हेभि मेसिनरी इक्वीप्मेन्ट, मुख्य मोटर पार्टस, टायर टयूव, मोटरगाडी, मोटर साइकल, टान्सफर्मर | **२५ लाख** |
| २ | सुन चांदी, बहुमुल्य धातु, पत्थर र तिनका गरगहना, सर्जिकल समान, मेडिकल इक्विपमेन्ट, केमिकल्स, हल्का मेसिनरी औजार, सुरक्षाका समान, जेनेरेटर, हस्पीटल उपकरण, मनि चेन्जर, चिरान काठ | **२० लाख** |
| ३ | छालाका समान, फेन्सि समान, फिजिकल फिटनेसका सामान, इलोक्ट्रोनीक्स, मनि ट्रान्सफर, मोटर साइकल पार्टस, मोटरगाडीका सहायक पार्टस्, लुव्रिकेन्स, फर्निचर, फर्निसिंग, रंग रोगन, बस्त्रालय, हार्डवयर (सिमेन्ट, डण्डी समेत) | **१० लाख** |
| ४ | साइकल र साइकलका टायर टयुव, गिफट्का समान, तयारी पोशाक, भाँडाकुडा, पस्मिना, चाँदीका समान, सुर्तिजन्य बस्तु, छपाई सामाग्री, विदेशी मदिरा, निर्माण सामाग्री (वालुवा, गिट्टी, इटा र माटो), | **५ लाख** |
| ५ | कृषिजन्य औजार, खाद्यान्न, तरकारी तथा फलफुल, प्लास्टिकका समान, जुत्ता चप्पल, जडिबुटि, हल्का पेय पदार्थ, पानी, हार्डवयर (सिमेन्ट, डण्डी बाहेक), कम्प्युटर, फोटोकपि / प्रिन्टरको पार्टस, एल.पी ग्यास, स्वदेशी मदिरा, कस्मेटिक्क, खाद्य किराना, स्टेशनरी, दाउरा, भाडाकुडा, जुटका समान, माछा, मासु, बोटविरुवा, मिठाइ,खेलकुदका समान, दुध तथा दुग्धजन्य पदार्थ, चौपाया, इलेक्ट्रीकल सामान, मटितेल, औषधी पसल, | **३ लाख** |
| ६ | चिया खाजा पसल (पार्किक नभएको) | **१ लाख** |
| ७ | चिया खाजा पसल (पार्किक भएको), लज | **३ लाख** |
| ८ | जुनसुकै थोक सामान विक्रेता | **३० लाख** |
| | उपरोक्त वर्गिकरणमा नपरेका व्यवशायलाई माथि उल्लेखित व्यवशायसंग मिल्दो प्रकृति अनुसार बर्गिकरण गरिनेछ। | |

## अनुसूची

## फर्म दर्ता तथा नवीकरण शुल्क

१. **व्यावसायीक फर्म दर्ता :**

४ रजिष्ट्रेशन दस्तूर : देहाय बमोजिमको पूँजी भएको प्राइभेट फर्म प्राइभेट फर्म रजिष्ट्रेशन गर्दा देहाय बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ :

(क) रु. १,००,०००।- सम्म पूंजी भएको फर्मलाई रु. ६००।-

(ख) रु. १,००,०००।- भन्दा बढी रु. ३,००,०००।- सम्म पूंजी भएको फर्मलाई रु. २,०००।-

(ग) रु. ३,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्म पूंजी भएको फर्मलाई रु. ४,०००।-

(घ) रु. ५,००,०००।- भन्दा बढी रु. १०,००,०००।- सम्म पूंजी भएको फर्मलाई रु. ७,५००।-

(ङ) रु. १०,००,०००।- भन्दा बढी रु. ५०,००,०००।- सम्म पूंजी भएको फर्मलाई रु. १०,०००।-

(च) रु. ५०,००,०००।- भन्दा बढी रु. १५,०००।-

(४) उपनियम (३) वमोजिम दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले देहायको पूँजी भएको प्राइभेट फर्मको लागि देहाय बमोजिमको दस्तूर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछ :-

क) एक लाख रुपैयाँसम्म रु. ३००।-

ख) एक लाख रुपैयाँ भन्दा बढी तीन लाख रुपैयाँसम्म रु ५००।-

ग) तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म रु. ८००।-

घ) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म रु. १,२००।-

ङ) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म रु. १,७००।-

च) पचास लाख रुपैयाँ भन्दा माथि रु.२,३००।-

नोटः *पूजी तथा यसमा लाग्ने दस्तुर प्रत्यक वर्ष गाउँसभावाट स्वीकृत आर्थिक ऐन अनुसार थपघट हुनसक्नेछ ।*

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँ कार्यापालिकाको कार्यालय
गजुरी, धादिङ